# मिक्लाजुङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## मधुमल्ला, मोरङ

१ नं. प्रदेश, नेपाल

(प्रथम पटक सूचना प्रकाशित मिति : २०७५/०६/२४)

**विषय :- आ.व. ०७५/७६ को लागि सडक पूर्वाधार उपयोग सेवा शुल्क उठाउने सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना ।**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६८ को उपदफा २ (घ) को ६ मा व्यवस्था भए वमोजिम यस मिक्लाजुङ गाउँपालिकाको आगामी आ.व. २०७५/७६ का लागि देहाय वमोजिमको आन्तरिक आय सम्वन्धि ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकाले इच्छुक फर्म, कम्पनी वा व्यक्तिहरुले ठेक्का लिन चाहेमा तपसिलको शर्त वन्देजमा रही गोप्य सिलवन्दी दरभाउपत्र मिक्लाजुङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मधुमल्ला, मोरङमा दाखिला गर्नहुन सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

| सि.नं. | विवरण | न्यूनतम ठेक्का अंक (कर बाहेक) | धरौटी रकम | सिलबन्दी दरभाउपत्र फाराम दस्तुर | सिलबन्दी दरभाउपत्र फाराम खरिद गर्ने अन्तिम मिति | सिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति र समय | सिलबन्दी दरभाउपत्र खोलिने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | मिक्लाजुङ गाउँपालिकाका कान्छिचोक-टाँडी र मधुमल्ला-उर्लाबारी सडकमा सडक पूर्वाधार उपयोग सेवा शुल्क उठाउने कार्य । | रु.२,००,०००। | ५% | १,०००। | २०७५/०७/०७ | २०७५/०७/०८ दिउँसो १२ बजे सम्म । | २०७५/०७/०८ दिउँसो २ बजे । |

**शर्तहरु:**

१) उल्लेखित ठेक्का सम्झौता भएको मिति देखि २०७६ असार मसान्त सम्मका लागि हुनेछ ।

२) उल्लेखित आय ठेक्काको सिलबन्दी दरभाउपत्र फारम माथि उल्लेखित मिति भित्र तोकिएको दस्तुर (फिर्ता नहुने) तिरी कार्यालय समयभित्र खरिद गर्न सकिनेछ ।

३) वोलपत्रदाताले खामको वाहिरपट्टि ठेक्काको ़विवरण, मिक्लाजुङ गाउँ कार्यपालिकाको कार्यालय ,मधुमल्ला, मोरङ, भनी प्रष्ट वुझिने गरी उल्लेख गर्नुपर्नेछ ।

४) खरिद गरिएको सिलबन्दी दरभाउपत्र, दरभाउपत्र खरिद गर्ने अन्तिम मितिको भोलिपल्ट अपरान्ह १२:०० वजेसम्म सिलवन्दी दरभाउपत्र फाराम दर्ता गर्न सकिनेछ । रितपूर्वक दर्ता हुन आएका सिलवन्दी दरभाउपत्रहरु दर्ता हुने अन्तिम दिनको २:०० वजे कार्यालयको प्रतिनिधि र ठेकेदार वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ तर ठेकेदार वा निजको प्रतिनिधि उपस्थित नभएपनि उल्लेखित आय ठेक्काको सिलवन्दी दरभाउपत्रहरु खोल्न वाधा पर्ने छैन । दरभाउपत्र दाखिला गर्दा आफूले कवोल गरेको आय ठेक्का अंकको ५ प्रतिशत रकम धरौटी वापत मिक्लाजुङ गाउँ कार्यपालिका कार्यालयको नाममा एन.एम.बी. बैंक, मधुमल्ला शाखामा रहेको धरौटी खाता नं.०६१०९१००५८२१३००००००६ मा रकम जम्मा गरेको सक्कलै भौचर पेश गर्नुपर्नेछ ।

५) कवोल रकम अंक र अक्षरमा प्रस्ट संग उल्लेख गरेको हुनुपर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । अंक र अक्षरलाई पुनःलेखन गर्नुपर्ने भएमा काटेको स्थानमा दरभाउपत्रदाताको अनिवार्य हस्ताक्षर हुनुपर्नेछ । फर्म वा कम्पनी भए छाप समेत हुनु पर्नेछ ।

६) ठेक्का रकम सम्झौताको समयमा एकमुष्ठ कार्यालयको खातामा जम्मा गर्नु पर्नेछ । यसरी जम्मा गरेमा जम्मा रकमको १० प्रतिशत रकम छुट दिईनेछ । किस्तामा भुक्तानी गर्नु परेमा पहिलो किस्ता सम्झौताको समयमा साठी प्रतिशत रकम र बाँकी चालीस प्रतिशत बैशाख मसान्त भित्र बुझाउनु पर्नेछ ।

७) ठेक्का कवोल गर्ने ठेकेदारले गाउँपालिकाले तोकिदिएको कर उठाउँदा प्रयोग गर्ने रसिदहरु ठेकेदारले आफ्नै तर्फवाट छपाइ सो रसिदहरु यस कार्यालयवाट अनिवार्य प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणित वाहेकका रसिदवाट कर उठाइएको उजुरी वा जानकारी प्राप्त भएमा नियामानुसार कारवाही र उठाएको रकम वरावरको थप जरिवाना गरिनेछ ।

८) कुनै शर्त सहितको दरभाउपत्र स्वीकार्य हुने छैन र सव कन्ट्रयाक्टर मार्फत गर्न पाइने छैन ।

९) सूचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित संघीय, प्रादेशिक र स्थानीय कानून वमोजिम हुनेछ ।

१०) दरभाउपत्र स्वीकृत गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहेको छ ।

११) यस सम्वन्धमा अन्य जानकारी लिन चाहेमा कार्यालय समय भित्र फोन नं. ०२१–४००००१ मा सम्पर्क राख्न सकिनेछ ।